## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको भन्सार विभागसँग सम्बन्धित २०७१ श्रावण, भदौ र असोजसम्मका सूचनाहरु उक्त दफा ५ को उपदफा (४) वमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको छ ।

**(क) निकायको स्वरुप र प्रकृतिः-** नेपाल सरकारको कार्य सञ्चालनको लागि नेपाल सरकार (कार्य विभाजन) नियमावली २०६९ वमोजिम स्थापित २७ वटा मन्त्रालयहरु मध्ये अर्थ मन्त्रालय अन्तर्गत रही राजस्व प्रशासन क्षेत्रसँग सम्बद्ध कार्य/गर्ने केन्द्रीयस्तरको निकाय भन्सार विभाग हो ।

**(ख) निकायको काम, कर्तव्य र अधिकारः-** भन्सार विभागको काम, कर्तव्य र अधिकार देहाय अनुसार तोकिएका छन् :-

- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरे वमोजिमका व्यक्तिहरुले वैंक जमानत, सोही सूचनामा तोकिएवमोजिम मालवस्तुमा महसुल छुट सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा प्रदान गर्ने ।
- भन्सार प्रशासनसँग सम्बद्ध विषयहरुमा नीति तर्जुमा गरी अर्थ मन्त्रालयमा सिफारिस गर्न ।
- आयात निर्यातलाई व्यवस्थित गरी व्यापार सहजीकरण गर्ने ।
- भन्सार सुधार तथा आधुनिकीकरणका निम्ति योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने, इन्टेलिजेन्स तथा जोखिम व्यवस्थापन मार्फत राजस्व परिचालनलाई सुरक्षित बनाउने, अवैध व्यापार नियन्त्रण गर्ने ।
- निषेधित एवम् प्रतिबन्धित मालवस्तु ओसारपसार निगरानी गरी समाजलाई सुरक्षित बनाउने ।
- मातहतका कार्यालयहरुको नियमित अनुगमन गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउने ।
- कर्मचारीहरुको मनोबल अभिवृद्धि एवम् सदाचार पद्धतिको विकासमा ध्यान दिने ।
- विद्यमान ऐन कानून अनुरुप समूचित राजस्व सङ्कलन गर्ने ।
- वण्डेड वेयरहाउसको सुविधा प्रदान तथा नविकरण गर्ने ।
- भन्सार एजेन्टको इजाजतपत्र प्रदान तथा नविकरण गर्ने ।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्यविवरणः-**

**कर्मचारी संख्याः**

- **रा.प. प्रथम श्रेणी (प्रशासन) ३ पद**
- **रा.प. द्धितीय श्रेणी (राजस्व) ६ पद**
- **रा.प. द्धितीय श्रेणी (प्रशासन) १ पद**
- **रा.प. द्धितीय श्रेणी (लेखा) १ पद**
- **रा.प. द्धितीय श्रेणी (केमिष्ट्री) १ पद**
- **रा.प. द्धितीय श्रेणी (आयोत) १ पद**
- **रा.प. द्धितीय श्रेणी (विविध) २ पद**
- **रा.प. तृतीय श्रेणी (राजस्व) २१ पद**
- **रा.प. तृतीय श्रेणी (सा.प्र.) २ पद**
- **रा.प. तृतीय श्रेणी (विविध) ११ पद**
- **रा.प. तृतीय श्रेणी (इन्जि कम्प्यू) ३ पद**
- **रा.प. तृतीय श्रेणी (लेखा) १ पद**
- **रा.प. तृतीय श्रेणी (आयोत) २ पद**
- **रा.प. तृतीय श्रेणी (कानून) १ पद**
- **रा.प. तृतीय श्रेणी (केमिष्ट) ३ पद**
- **माइक्रोबायोलोजिष्ट (सेवा करार) १ पद**
- **रा.प.अ. प्रथम श्रेणी (राजस्व) २८ पद**
- **रा.प.अ. प्रथम श्रेणी (लेखा) २ पद**
- **रा.प.अ. प्रथम श्रेणी (विविध) २ पद**
- **रा.प.अ. प्रथम श्रेणी (केमिष्ट्री) २ पद**
- **रा.प.अ. प्रथम श्रेणी (सा.प्र.) १ पद**
- **रा.प.अ. प्रथम श्रेणी (सा.प्र.) टाइपिष्ट ४ पद**
- **रा.प.अ. प्रथम श्रेणी (आयोत) भ.स.नि. १ पद**
- **रा.प.अ. द्धितीय श्रेणी (इलेक्ट्रिसियन) १ पद**
- **रा.प.अ. द्धितीय श्रेणी (अ.ल्या.टे.) १ पद**
- **हलुका सवारी चालक १० पद**

- ल्याब व्याई (सेवा करार) १ पद
- कार्यालय सहयोगी २० पद
- स्वीपर २ पद

कूल जम्मा १३५

(घ) (ङ) (च) (छ) (ज)

| (घ) निकायवाट प्रदान गरिने सेवा | (ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकरी | (च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | (छ) निर्णय गर्ने प्रकृया अधिकारी | (ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|
| १. वण्डेड वेयर हाउसको इजाजत प्रदान तथा नविकरण | अनुगमन तथा निरीक्षण शाखा सूर्यप्रसाद सेडाईं निर्देशक | भन्सार ऐन २०६४ र भन्सार नियमावली २०६४ बमोजिम इजाजत लिन रु. ६०००।- र नविकरण रु. ३०००।- | सहभागिता मूलक प्रकृया शिशिर कुमार ढुंगाना महानिर्देशक | |
| २. भन्सार एजेन्टको इजाजत प्रदान तथा नविकरण | अनुगमन तथा निरीक्षण शाखा सूर्यप्रसाद सेडाईं निर्देशक | भन्सार ऐन २०६४ र भन्सार नियमावली २०६४ बमोजिम इजाजत रु. ७०००।- र नविकरण रु. ७०००।- | शिशिर कुमार ढुंगाना महानिर्देशक | |
| ३. भन्सार नाका परिवर्तनको जानकारी दिने । | महशुल तथा वर्गीकरण शाखा लावण्य कुमार ढकाल निर्देशक | भन्सार ऐन २०६४ र भन्सार नियमावली २०६४ बमोजिम, निःशुल्क | शिशिर कुमार ढुंगाना महानिर्देशक | |
| ४. मालवस्तुको वर्गीकरण गर्ने | महशुल तथा वर्गीकरण शाखा लावण्य कुमार ढकाल निर्देशक | भन्सार ऐन २०६४ र भन्सार नियमावली २०६४ बमोजिम, निःशुल्क | शिशिर कुमार ढुंगाना महानिर्देशक | |
| ५. पुनः मूल्यांकनको लागि आदेश | भन्सार मूल्यांकन शाखा, नारायण प्रसाद शर्मा निर्देशक | भन्सार ऐन २०६४ र भन्सार नियमावली २०६४ बमोजिम, निःशुल्क | शिशिर कुमार ढुंगाना महानिर्देशक | |

*

**(झ) सम्पादन गरेको कामको विवरणः-**

- (२ वटा उद्योगहरुलाई) वण्डेड वेयर हाउस सुविधाको लागि नयाँ इजाजतपत्र प्रदान गरिएको ।
- (९ वटा उद्योगहरुको) वण्डेड वेयर हाउस सुविधाको लागि इजाजतपत्र नविकरण गरिएको ।
- ३५ वटा भन्सार एजेन्ट इजाजतपत्र नविकरण गरिएको ।
- Hot line, Hello सरकार लगायत विभिन्न निकायमा परेका ११ वटा उजुरीहरुको फछर्यौट गरिएको ।
- भन्सार नाका परिवर्तनको लागि २३१ वटा कारोवारहरुलाई स्वीकृती प्रदान गरिएको ।
- बस्तु वर्गीकरणको लागि भन्सार कार्यालयहरुवाट अनुरोध भई आएको ५ वटा वस्तुहरुको वर्गीकरण गरिएको ।
- २६६१३०००।- वेरुजु फछर्यौट गरिएको । (श्रावण - असोज सम्मको अवधिमा )
- WAN अन्तर्गत प्रत्यक्ष अनुगमनवाट देखिएका कैफियतहरुको सच्चयाउन लगाएको कारणवाट थप प्राप्त राजस्व रु. ८,२२,६०१।-
- नेपाल सरकारको नीति तथा कार्यक्रम, वजेट बक्तव्यमा उल्लेखित बुँदाहरुको तथा सूचाङ्कको प्रगति विवरण मासिक रुपमा अर्थ मन्त्रालयमा पठाईएको ।
- पैठारी हुने मालवस्तुहरुको मूल्यांकन सम्बन्धी मूल्यांकन व्यवस्थापन गोष्ठी सम्पन्न भएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम ३४० वटा consignment हरुमा कुटनैतिक सुविधा प्रदान गरिएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम ३६० वटा consignment हरुमा महसुल सुविधा प्रदान गरिएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम विभिन्न आयोजनाहरुको ९५ वटा consignment का लागि छुट सुविधा प्रदान गरिएको ।
- प्रयोगशाला शाखावाट विभिन्न प्रकारका ११५९ वस्तुहरुको प्रयोगशाला परीक्षण गरिएको ।
- भन्सार विभाग तथा भन्सार कार्यालयहरुको वार्षिक कार्ययोजना २०७१/०७२ को प्रकाशन र वितरण गरिएको ।
- भन्सार विभागको वार्षिक कार्ययोजनाको प्रथम तीन महिनाको प्रगति समीक्षा वैठक सम्पन्न गरिएको ।

- व्यापार सहजीकरणको वैठक सम्पन्न गरिएको ।
- संशोधित क्योटो अभिसन्धीको सामान्य अनुसूची नेपाली अनुवाद गरिएको ।
- SASEC Customs Subgroup ले पहिचान गरेका राष्ट्रिय कार्ययोजना र उपक्षेत्रीय कार्ययोजना सम्बन्धमा ADB सँग छलफल गरी अन्तिम रुप दिईएको ।
- आर्थिक ऐन, २०७१ को दफा १८ बमोजिम पटके रुपमा विभिन्न वस्तुहरुमा दिइएको महसुल छुटको विवरण अद्‍यावधिक गरिएको ।
- अर्थ मन्त्रालयवाट स्वीकृत विभिन्न आयोजनाहरुको माष्टर लिष्ट अनुसार दिइएको छुटको विवरण अद्‍यावधिक गरिरहेको ।
- आर्थिक ऐन, २०७१ को कार्यान्वयनका लागि यस विभागवाट सम्पादन गर्नुपर्ने आवश्यक कार्यहरु भइरहेको ।
- एकीकृत महसुल दर पुस्तक तयार गरी भन्सार विभागको वेभसाइडमा राखिएको।
- भन्सार ऐन, नियम संग्रह (संशोधन सहित) को प्रकाशन गरिएको ।
- विभागमा सरुवा भै आएका विभिन्न तहका कर्मचारीहरुको पदस्थापन गरी शाखा तोकिएको ।
- विभागमा पदस्थापन भएका निर्देशकहरुलाई अधिकार प्रत्यायोजन गरिएको ।
- भन्सार विभाग र अन्तर्गत कार्यालयमा पदस्थापन भएका नव आगन्तुक कम्प्युटर अपरेटरहरुलाई ASYCUDA तालिम प्रदान गरिएको ।
- प्रमुख भन्सार अधिकृत रिक्त भएका कार्यालयहरुमा कार्यालय प्रमुख भै कार्य गर्ने र मुद्दा हेर्ने अधिकार प्रदान गरिएको ।
- ५ जना कर्मचारीहरुको वैदेशिक तालिमका लागि मनोनयन गरिएको ।
- आ.व. २०७१/०७२ को आश्विन महिनासम्ममा जम्मा परेका ६ वटा उजुरीहरु (हेलो सरकार समेत) को कारवाही अगाडि बढाइ १ वटा उजुरीको प्रतिकृया प्राप्त भएको।
- मूल्यांकन तथा व्यवस्थापन गोष्ठिमा प्रस्ताव गरिने सुझाव संकलनको लागि नीजि क्षेत्र लगायत सम्पूर्ण भन्सार कार्यालयहरुमा पत्राचार गरिएको ।
- मूल्यांकन शाखासँग सम्बन्धित सम्पूर्ण दैनिक कार्य सञ्चालन गरिएको ।
- विभिन्न माध्यम (सेवाग्राही स्वयं उपस्थिति, टलिफोन सम्पर्क र ईमेल) वाट जम्मा २५० जना सेवाग्राहीले सोधिएका मुख्य मुख्य प्रश्नहरुको जवाफ प्रदान गरिएको ।

**(ञ) सूचना अधिकारीको नाम र पदः- सूर्यप्रसाद सेडाईं, निर्देशक**

**(ट) ऐन, नियम, विनियम र निर्देशिकाहरुको सूचीः-**

**ऐनहरुको सूचीः**

- भन्सार ऐन, २०६४
- सालवसाली आर्थिक ऐनहरु
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९
- सार्वजनिक खरिद ऐन, २०६३
- करार ऐन, २०५६
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- राजस्व चुहावट नियन्त्रण ऐन, २०५२
- मू.अ.कर ऐन, २०५२
- अन्तःशुल्क ऐन, २०५८
- वातावरण संरक्षण ऐन, २०५३

**नियमहरुको सूचीः**

- भन्सार नियमावली, २०६४
- विदेशी विनिमय नियमहरु, २०२०
- सार्वजनिक खरिद नियमावली, २०६४
- निकासी पैठारी नियमहरु २०३४
- राजस्व चुहावट (अनुगमन तथा नियन्त्रण) नियमावली २०७०
- मू.अ.कर नियमावली २०५३
- अन्तःशुल्क नियमावली २०५९

**विनियम, निर्देशिका वा आदेशहरुको सूचीः**

- जाँचपास पछिको परीक्षण कार्यविधि २०६६
- न्यून विजकीकरणको सामान खरिद गर्ने निर्देशिका, २०६६
- कर्मचारी सरुवा निर्देशिका २०७१
- भन्सार मूल्यांकन निर्देशिका २०६८
- भन्सार कार्यविधि, २०६७

- **भन्सार कार्यालयवाट जाँचपास भएका मालवस्तुहरु सीलबन्दी कन्टेनरवाट ढुवानी गर्ने र ढुवानी साधन पैठारी गर्न प्रकृया सम्बन्धी कार्यविधि, २०७१**
- **नीजि गुण्टा झिटी भारी सम्बन्धी सूचना २०७१**
- **निकासी पैठारी सम्बन्धी वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेपाल राजपत्रमा मिति २०६६/०७/१६ मा प्रकाशित सूचना ।**
- **भन्सार विभागको प्रयोगशालाको संक्षिप्त कार्यविधि - २०७१**
- UN Convention against Tariff in Narcotic Drugs and Psyenotropic substances, 1998.
- Single Convention on Narcotics Drugs, 1961
- Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES)
- **परिपत्र संग्रह**

**(ठ) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः-**

| | विनियोजन | खर्च |
|---|---|---|
| **असोज महिनासम्म चालु तर्फ** | **रु. ८८७५६०००।-** | **रु. १६७९७३३३।-** |
| **असोज महिनासम्म पुंजीगत तर्फ** | **रु. १३९५०००।-** | **रु. २९९४५०।-** |

**असोज महिनासम्म कूल राजस्व आम्दानी रु. ४०९४२८०५ (हजारमा)**